# दक्षिण (टाढा) का उपभोक्ताहरुद्वारा उत्तरका वन व्यवस्थापन: सप्तरी जिल्लाको एक अनुभव

■ कमल भण्डारी

सामुदायिक वन (सा.व.) को नीतिगत दृष्टिकोणबाट हेर्दा नेपालको सबै क्षेत्रको वन स्थानीय स्तरमा हस्तान्तरण गर्न सकिने भएतापनि पहाडको तुलनामा तराईमा ज्यादै न्यूनरुपले वनको अधिकार जनतामा प्रत्यायोजन भएको पाइन्छ । सरकारबाट विभिन्न समयमा तराईका उपभोक्ताको हक अधिकार माथि प्रश्न उठाउँदै आएको छ । पहाडको तुलनामा तराईको वन बढी उत्पादन दिने भएकोले राजस्व उठाउन पनि सरकारद्वारा नै व्यवस्थित गर्नु पर्ने र दक्षिणका (वनबाट टाढा रहेका) उपभोक्ताहरु वन पैदावरबाट वञ्चित रहेका जस्ता विविध धारणाहरु विगतबाट उठ्न थालेका छन् । दक्षिणका उपभोक्ताहरुले उत्तरको वनबाट फाइदा लिन नसकेका कुराहरु ज्यादै ठूलो सवालको रुपमा देखापरेको छ । के दक्षिणका उपभोक्ताले उत्तरको चुरे वन (हाल सा.व. भएको भन्दा माथिको राष्ट्रिय वन) सा.व. को रुपमा व्यवस्थापन गर्न सक्छन् त ? यसबारे सप्तरी जिल्लाका उपभोक्ताहरुको अनुभवलाई यस लेखमा छलफल गर्ने जमर्को गरिएको छ ।

## के गर्दैछन् राजमार्ग दक्षिणका उपभोक्ताहरु ?

तराईको स्थितिलाई हेर्दा राजमार्ग (पूर्व-पश्चिम महेन्द्र राजमार्ग) को उत्तरतिर विशेषगरी पहाडबाट बसाई सरेर आएका मानिसहरुको बसोवास रहेको छ भने दक्षिणतिर तराईका आदिवासी तथा तराईमूलका मानिसहरुको बस्ती छ र बस्ती लगभग भारतको सीमानासम्म नै फैलिएर रहेको छ । पहाडबाट झरेका मानिसहरुले आफ्नो गाँउबस्ती वरपर रहेको वनक्षेत्र सा.व. को रुपमा व्यवस्थापन गर्न सुरु गरे । उनीहरुले आफ्नो दैनिक आवश्यक पर्ने वन पैदावार पनि आफ्नै सा.व. बाट आपूर्ति गर्न थालेका छन् भने कतिपयले त पशुपालन गरी जीविकोपार्जनको मुख्य स्रोत नै सा.व. लाई बनाएका पाइन्छ । दक्षिणतिर बसोवास गर्नेहरुको परम्परा देखि चरिचरन गर्ने, दाउरा, काठ, घाँस तथा दैनिक आवश्यक पर्ने वन भएकोले ठूलो समस्याहरु झेल्नु परेको कुरा स्थानीय बासिन्दाहरु बताउँछन् । सामान्यरुपमा चरिचरन खोला, नदीको वगरमा गरेता पनि खाना पकाउन दाउरा, झुपडी बनाउन खावा खुट्टी, हलो, डोरीको लागि बाबियो, आदि वन पैदावार ल्याउन पनि धेरै टाढा अर्थात सा.व. भएको क्षेत्रभन्दा माथिको (उत्तरको) चुरे वन भित्र जानु पर्ने बाध्यता रहँदै आएको छ ।

> **राजमार्गमुनिका मान्छे र राजमार्ग माथिको वन**
>
> वाटोमा सा.व. क्षेत्र पर्ने भएकोले कतिपय सा.व.का समितिले राष्ट्रिय वनमा जान त्यो क्षेत्रको वाटो प्रयोग गरेवापत एक पटकमा रु ५।- सम्म बुझाउनु पर्ने नियमहरु लागू गरे भने अर्को तिर सा.व. मा पसेर केही छोयो भनेपनि रु ५०१।- जरिवाना तिर्नु पर्ने नियम लगाएको कुरा ठेलिया गा.वि.स.-३ का लगन मुखिया र चौठी सरदार वताउँछन् । उनीहरु भन्दछन् "हामीलाई नसोधी सा.व. बनाए छन, हामी जङ्गलवाट २ घण्टा टाढा छौ, उनीहरुको वन भएपछि दाउरा, घाँस, काठ ल्याउन दिएनन् । त्यसैले उनीहरुको भन्दा माथिको चुरे क्षेत्रमा सा.व. बनाएका हौं ।"

सप्तरी जिल्ला ठेलिया गाउँ विकास समिति (गा.वि.स.) -३ (लक्ष्मनपट्टि) मा १२८ घरधुरीको एउटा बस्ती छ । यो महेन्द्र राजमार्गबाट पैदल एक घण्टा जति दक्षिणतिर पर्दछ । यहाँ विशेषगरी चौधरी, सरदार, राम, शाह, तेली, मुसहर, कायस्थहरुको बसोवास रहेको छ यहाँका मानिसहरुलाई खाना पकाउनको लागि दाउरा लिन एकोहोरो २ घण्टाको पैदलयात्रा गरी चुरे क्षेत्रमा जानु पर्दछ । परम्परादेखि नै दाउरा, काठ, ल्याउँदै गरेको वनमा स्वरुप थुम्की र वसन्तपुर सा.व. बनेपछि त यो क्षेत्रमा पस्न त परै जाओस् चुरेमा जाने बाटो पनि नपाएपछि उनीहरुलाई दैनिक रुपमा आवश्यक पर्ने

वन पैदावार ल्याएर जीविका चलाउन समस्या हुन थाल्यो । सरकारी वनमा जान सा.व. को बाटो भएकोले एकपटक वनमा जाँदा रु ५।- को टिकट काट्नु पर्ने भयो । यदि टिकट नकाटी वनमा पस्यो भने सा.व. का मानिसहरुले हँसिया खुर्पा खोस्न थाले । सा.व. का उपभोक्ताहरुसँग सामान्य झगडा पर्न थाल्यो । समस्याले चर्को रुप लिन थालेपछि यहाँका मानिसहरुले समाधानको उपाय सोंच्न थाले । बसन्तपुरका मानिसहरुले झैं हामीले पनि माथिको चुरे वन संरक्षण गरी हाम्रो सा.व. बनाउन सक्दैनौ त ? भन्ने बारे गाउँमा छलफल गरेर नजिकै रेन्जर कार्यलयमा परामर्श गर्दा त्यो चुरे पनि सा.व. बनाउन सकिने सल्लाह पाएपछि गाउँबाट दैनिक पाँच जनाको दरले पालैपालो वनको रेखदेख गर्न गस्ती जान थाले । चुरे वन विकास परियाजनासँग विधान कार्ययोजना बनाउन सहयोग मागे । आखिरी २०५८ साल भाद्र ३१ गते समूहमा वन हस्तान्तरण भयो । समूहको नाम त्रिवेणी सा.व. उपभोक्ता समूह राखे । यो वनको क्षेत्रफल ७७.९ हे. रहेको छ । हाल आएर स्वरुप थुम्की र वसन्तपुर सा.व. उपभोक्ता समूह सँग पनि राम्रो सम्बन्ध छ । सुरुमा बाटो दिन मानेका थिएनन् । जब हामीले वनको संरक्षण गर्न थाल्यौं त्यसपछि बाटोदेखि लिएर सबै विवादहरु सुल्झिएको छ त्रिवेणी सा.व. उपभोक्ता समूहका सचिव राजकुमार सरदार बताउँछन् । उनी पछुतो मान्दै भन्छन् - “पहिले नै चासो लिएको भए र समयमा सूचना प्रवाह भएको भए नजिकको सा.व. पाइने थियो होला” ।

पहिले नै आफ्नो गाउँ वरपर रहेको सा.व. बनाउने अर्थात् त्रिवेणी सा.व. को छिमेकी बसन्तपुर सा.व. उपभोक्ता समूहका अध्यक्ष किर्ती तिवारीको भनाई यस्तो छ - “बसन्तपुर भन्दा उत्तरतिर त्रिवेणी सा.व. छ । यस वनका उपभोक्ताहरु राजमार्ग दक्षिणका हुन् । हाम्रो सा.व. लगायत सरकारी वनमा दैनिक दक्षिणका उपभोक्ताको चापले वन ज्यादै विनाश भएको थियो । उनीहरुलाई सा.व. को रुपमा हस्तान्तरण गरेपछि राम्रो संरक्षण भएको छ । किनकी उनीहरु पालैपालो वन गस्ती गर्दछन् । हरियो, रुख विरुवा काटेका छैनन् । हाम्रो सा.व. पनि संरक्षित भएको छ । दुवै बीचमा सम्बन्ध पनि राम्रो भएको छ । आ-आफ्नो सा.व. मा आफूले चाहिने वन पैदावार ल्याउँछौं । दक्षिणकालाई घाँस नचाहिने भएकाले उनीहरुको सा.व. मा हामीले आवश्यक पर्दा घाँस ल्याउन पाएका छौं” ।

**अन्यत्र कसरी विस्तार भयो ?**

जब ठेलिया-३ का जनताले उत्तरको चुरे भित्रको सा.व. पाए, त्यसपछि यो कुरा अन्य गा.वि.स. मा पनि फैलँदै गयो । अन्य दक्षिणी उपभोक्ताहरुको पनि समस्या त ठेलिया भन्दा कम थिएन । वग्धुवा गा.वि.स. को दक्षिणका छप्की, घिमार लगायतका गाँउलेहरुले पनि महुलीको मालती, मझौ, मोहनपुर, भालुचट्टान सा.व. भन्दा उत्तरको वन क्षेत्र संरक्षण गरी सा.व. को रुपमा लिएका छन् । वग्धुवा गा.वि.स.-१ र २, को कुन्तीमाई सा.व. उपभोक्ता समूहका सचिव जुगल परियारका अनुसार पहिले वनको वरपर बस्नेले नजिकको वनलाई सा.व. बनाएर लिए । सुरुमा उनीहरुलाई सा.व. को फाइदा नै थाहा थिएन पछि अरुले फाइदा लिन थालेपछि सा.व.को चासो बढेको हो । यसैगरी वग्धुवा-५ का ललित चौधरीका अनुसार मालती, मझौ, मोहनपुर सा.व. बाट फाइदा देखिन थाल्यो । बाटो उत्तरका पहाडीयाहरुले गाई, भैंसी पालेर धेरै दूध उत्पादन गरी आफ्नो आर्थिक स्थितिमा सुधार गर्न थालेपछि दक्षिणका तराईबासीलाई पनि सा.व. को चासो बढेर २ घण्टा टाढाको वन संरक्षण गर्न थालेका छन् ।

सा.व. बनाउनु अघि चुरे वन (सरकारी वन) मा दक्षिणका उपभोक्ताहरुको चापले गर्दा वन विनाश भई पहिरो जाने, बाढी आउने गर्दथ्यो । तर आज आएर उक्त क्षेत्रमा पनि सा.व. बनाए पछि लोप हुन लागेका वनस्पतिको संरक्षण, बाढी, पहिरो रोकथाम भएको छ भने नाङ्गा डाँडाहरु हरियालीको रुपमा फेरिंदै आएका छन् । अर्को तिर दक्षिणको सीमाना छेउबाट आउने मानिसहरुको चाप घटेको कुरा महुली रेन्जपोष्टका वन रक्षक रिधीराज गिरी बताउनु हुन्छ । विगत १२ वर्ष देखि यस जिल्लामा काम गर्दै आउने गिरी भन्दछन् - “राजमार्गबाट ५ घण्टा दक्षिणका उपभोक्ताहरु पनि चुरेको वनमा सा.व. माग्न आउन थालेका छन् । चुरेक्षेत्रको वन सा.व. मा दिएपछि हामीलाई पनि सजिलो भएको छ ।”

टाढाका उपभोक्ताहरुले नजिकको वनमा उपभोक्ता हुन मिल्दैन भन्ने प्रश्नमा बिगतबाटै सा.व. लिएका नजिकका उपभोक्ताहरुको भनाई के पाइएको छ भने जुन सा.व. अहिले हरियाली देखिन्छ , सजिलै घाँस, दाउरा, काठ ल्याएको छ त्यो प्राप्तिका लागि उपभोक्ताहरुले धेरै पसिना बगाएका छन्, परिश्रम गरेका छन्, नाङ्गा पाखामा विरुवा रोपेर, घाँस लगाएर यो स्थिति ल्याएका हुन् । दक्षिणका उपभोक्ता जसले यहाँ परिश्रम नै गरेका छैनन् भने कसरी उनीहरुमा वनको माया पलाउँछ । यो ठाउँमा तिनीहरुलाई उपभोक्ता बन्न दिने हो भने त वन दुई दिन पनि राख्दैनन् । त्यसकारण चुरेमा संरक्षण गर्न परिश्रम गरे भने माया पलाउँछ अनि मात्र दिगो वन व्यवस्थापन हुन्छ । हाल चुरे क्षेत्र संरक्षण गरेर सा.व. लिने दक्षिणका उपभोक्तालाई अझ दक्षिणका उपभोक्ता आएर तपाईहरुको सा.व. मा पसे भने के गर्ने त ? भन्ने प्रश्न गर्दा उनीहरु भन्दछन् - “हाम्रो सा.व. मा आए भने समूहलाई लिने दस्तुर सरह टिकट काटेर सुकेका, ढलेका, दाउरा ल्याउन दिन्छौं । टाढाका उपभोक्ताहरु घाँस काट्न आउँदैनन् दाउरा र काठ लिन आउने हुन् । त्यसकारण हामीलाई पुगेर बाँकी रहेको उनीहरुलाई नै दिने छौं ।”

**निष्कर्ष**

बिगतदेखि नै तराईको सा.व. मा टाढाका उपभोक्ताहरुको समस्याले ठूलो बजार लिंदै आएको समयमा यसको समाधानका केही उपायहरु सप्तरीका बासिन्दाहरुले खोजेको देखिन्छ । अहिलेसम्मको उपायमा यही नै उत्तम हो भन्ने पूरै आधार नभएता पनि यसबाट केही पाठ सिक्न भने अवश्य नै सकिने देखिन्छ । जसरी दक्षिणका उपभोक्ताहरुको चुरे संरक्षणमा शुद्ध विचार छ त्यसैगरी उत्तरका सा.व. बाट प्राप्त वन पैदावार आफूलाई पुऱ्याएर जुन बढी परिमाणमा ठेक्दार मार्फत बाहिर बिक्री गरिन्छ त्यही वन पैदावार सस्तो मूल्यमा दक्षिणका उपभोक्तालाई बिक्री गर्न सकिने परिपाटीको सृजना गर्नु राम्रो हुनेछ । सरकारद्वारा व्यवस्थित वन (सा.व. भन्दा बाहिरको) बाट जति मात्रामा काठ, दाउरा निकालिन्छ त्यो पनि दक्षिणका उपभोक्तालाई आवश्यकता हेरी बिक्री गरेर मात्र सहर बजारमा पठाउने अर्को वैकल्पिक उपाय हो । यसको साथै जसरी पहाडमा सा.व. को प्रचार-प्रसार तथा सहयोगमा वन कार्यालय लागेको छ त्यसैगरी तराईमा (अझ दक्षिणतिर) पनि लाग्ने हो भने उपभोक्ताले बुझ्ने र सिक्ने मौका पाउँदथे जसले गर्दा चुरेको संरक्षणमा थप मद्दत मिल्ने थियो । जनताको सहभागिता नलिई वन व्यवस्थापन कार्य गर्न सकिन्न भन्ने पाठ हिजोका दिनले सिकाइ सकेको छ । दक्षिणका उपभोक्तालाई सा.व.को अवधारणाबारे जानकारी गराउँदै चुरेको सबै क्षेत्र जहाँसम्म उपभोक्ताको पहुँच अर्थात् संरक्षण, व्यवस्थापन र सदुपयोग गर्न सक्छन् त्यहाँसम्म सा.व. हस्तान्तरण गर्ने हो भने तराईको वनको संरक्षणमा सकारात्मक असर पर्ने र दक्षिणका उपभोक्ताले पनि सा.व. को फल चाख्न पाउने थिए कि ? यसका साथै तराई, पहाड र हिमाली खण्डमा बस्ने नागरिकलाई कानुनले भेदभाव गरेको छैन भन्ने कुराको पनि अनुभूति मिल्नेछ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहन्छ ।)